# मिक्लाजुङ गाउँपालिका

## मर्मत संभार कोष ( संचालन तथा व्यवस्थापन ) कार्यविधि, २०७४

**गाउँ कार्यपालिकाबाट पारित मिति : २०७४/०१/०३**

मिक्लाजुङ गाउँपालिका
रवि, पाँचथर
१ नं. प्रदेश

**मर्मत संभार कोष संचालन तथा व्यवस्थापन कार्यविधि–२०७४**

## प्रस्तावना :

सानो बजेट तथा आर्थिक रुपले गरिब मुलुकको रुपमा परिचित हाम्रो देश नेपाल विकासको हिसाबले अझै अविकसित मुलुकमा पर्दछ । बजेटको प्रतिशतको हिसाबले भौतिक पुर्वाधारमा नेपालको लगानी ज्यादै धेरै देखिएतापनि रकमको हिसाबले अत्यन्तै कम रहेको छ । भौतिक पुर्वाधारमा ज्यादै धेरै लगानी लाग्ने भएतापनि बजेटको अभावका कारण जसोतसो कामचलाउ योजनाका रुपमा नेपालका निकायहरु लगानी गर्न बाध्य छन् ।

न्युन बजेटको उपलब्धताका कारण नेपालमा स्थायी तथा दिगो भौतिक संरचनाहरुको अभाव अत्यन्तै खड्किरहने गर्दछ । यसले गर्दा हिउँदमासमा बनाइएका सडक संजाल, भवन, सिँचाई पुर्वाधार, खानेपानी पुर्वाधारहरु आदि बर्षायाममा प्रयोगमा ल्याउन नसकिने अवस्थामा भेटिन्छन् । नेपालका ७७ जिल्लामध्ये सडक सञ्जालले धेरै क्षेत्रमा जोडिएको जिल्लाहरुमध्ये उत्कृष्ट दसभित्र पाँचथर पर्न सफल भएतापनि यहाँ दिगो र स्थायी रुपमा बर्षदिन नै सुचारु रहने सडकहरुको अभाव अत्यन्तै छ । अझ मिक्लाजुङ गाउँपालिका त झन् सदरमुकामभन्दा लागभग ५० कि.मी. टाढा रहेकोले यहाँ पुर्वाधारको अवस्था ज्यादै नाजुक छ । हिउँद याममा यस गाउँपालिकाका सबै वडाहरुमा सहज र सरल तरिकाले सवारीसाधन पुग्ने भएतापनि वर्षायाममा भने गाउँपालिकाको केन्द्र सम्म आइपुग्न पनि धौधौ हुने गर्दछ । यस्तो अवस्थामा विशेषगरी सडक मर्मतको कार्य अत्यन्तै महत्वपुर्ण देखिन्छ । साथै, गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरु जस्तै गुम्बा, मन्दिर, झरना, ताल, पोखरी, डाँडा आदिको संभार गरी उचित व्यवस्थापन गर्न सके मिक्लाजुङ गाउँपालिकाको विकास दिगो हुने कुरामा शंका नहोला ।

यस्तै, अत्यावश्यक भौतिक पुर्वाधारहरुको अकस्मिक अवरुद्धका कारण आम जनता तथा सेवाग्राहीलाई पर्न सक्ने हानीनोक्सानीको न्युनीकरण गर्न तथा यस गाउँपालिकाभित्र रहेका प्राकृतिक, सामाजिक, साँस्कृतिक तथा धार्मिक महत्वका सम्पदाहरुको संरक्षण र संभार गर्ने हेतुले मर्मत संभार कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ तयार गरि यस मिक्लाजुङ गाउँपालिकाले लागु गरेको छ ।

## परिच्छेद –१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१.१ यस कार्यविधिको नाम (**मर्मत संभार कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४**) रहेको छ ।

१.२ यो कार्यविधि गाउकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

**विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,**

क) कार्यविधि भन्नाले मर्मत संभार कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ भन्ने बुझ्नुपर्छ ।

ख) कोष भन्नाले मर्मत संभार कोष संचालन तथा व्यवस्थापन कोष भन्ने बुझ्नुपर्छ ।

ग) व्यवस्थापन समिति भन्नाले मर्मत संभार कोष संचालन तथा व्यवस्थापन समिति बुझ्नुपर्छ ।

घ) कार्यपालिका भन्नाले मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिका बुझ्नुपर्छ ।

ङ) मर्मत संभार भन्नाले भौतिक पुर्वाधारहरुको मर्मत संभार भन्ने बुझ्नुपर्छ ।

**३. कोष स्थापना :**

३.१ मर्मत संभार कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. कोषको कार्यालय :**

४.१ कोषको सचिवालय गाउँ कार्यपालिको कार्यालयमा रहने छ ।

## परिच्छेद- २

## कोषको अवधारणा लक्ष्य उदेश्य र नीति

**५. कोषको अवधारणा :**

मिक्लाजुङ गाउँपालिकामा अवस्थित सडक, खेलमैदान, खानेपानी, सिँचाई, ढलनिकास जस्ता भौतिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक पुर्वाधारहरुको आवश्यक परेका बखत तुरुन्तै मर्मत तथा संभार गर्नु र गराउनु नै यस कोषको अवधारणा हुनेछ ।

**६. लक्ष्य**

मिक्लाजुङ गाउँपालिकाभित्र रहेका ठुला तथा साना भौतिक पुर्वाधारहरुको अवस्था बर्षैभरी दुरुस्तै राखी साना तिना बाधा अफ्ठ्याराहरुलाई तुरुन्तै समाधान गरी आम जनतालाई आत्यावश्यक सेवा सुविधाको सहज र सरल उपलब्धताको महसुस गराउनु यस कोषको लक्ष्य रहेको छ ।

**७. उदेश्य :**

**कोषका उदेश्यहरु देहायबमोजिम हुनेछन्:**

७.१ गाउँसभाको योजनाहरुमा नपरेका तर तत्काल मर्मत गर्नैपर्ने भौतिक पुर्वाधारहरुको मर्मत गर्ने ।

७.२ विपद तथा अन्य कारणबाट भौतिक पुर्वाधारहरुमा हुन आउने क्षतिको तुरुन्त निराकरण गर्ने ।

७.३ महत्वपुर्ण स्थल तथा मुहानहररुको संभारका लागि पहल गर्ने।

७.४ गाउँपालिकाभित्र रहेका पुर्वाधारहरुको उचित व्यवस्थापनका लागि नीतिगत तथा संस्थागत सुधार गर्ने ।

७.५ भवन तथा पूर्वाधारहरुको नाजुक अवस्थालाई व्यवस्थापन गर्ने ।

७.६ मर्मत संभार क्षेत्रमा काम गर्ने सबँ निकायहरुका बीच समन्वय गर्न आवश्यक वातावरण मिलाउने ।

७.७ विपदबाट अवरुद्ध भौतिक पुर्वाधारहरुबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि गाउँपालिकाको क्षमता विकास गर्ने ।

७.८ साना तिना विपद्का घटनाहरुबाट हुन आउने बृहत क्षतिलाई न्युनीकरण गर्ने ।

**८. नीति**

८.१ अत्यावश्यक मर्मत गर्नैपर्ने स्थल तथा पुर्वाधारहरुको पहिचान गर्ने ।

८.२ स्थानीय तहमा भवन निर्माण आचारसंहिता  बमोजिम भौतिक संरचना निर्माण गर्ने गराउने तथा स्थानीय तहमा विपद जोखिम व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।

८.३ बर्षैभरी विनाअवरोध सडक संरचना चुस्त दुरुस्त सञ्चालनमा आउने वातावरण सिर्जना गर्ने ।

८.४ प्राकृतिक, धार्मिक, सांस्कृतिक महत्वका भौतिक संरचनाहरुको अव्यवस्थित अवस्थामा सुधार ल्याउने ।

८.५ अव्यवस्थित भौतिक संरचना तथा कमजोर सडक सञ्जालहरुले गर्दा उत्पन्न हुन सक्ने मानवीय तथा अन्य क्षतिहरुको न्युनीकरण गर्ने ।

## परिच्छेद–३

## कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

## ९. कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्धेश्यहरु प्राप्तिका लागि देहायबमोजिमको व्यवस्थापन समिति गठन हुनेछ :

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख) उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको प्रतिनीधि | सदस्य |
| घ) पुर्वाधार विकास समितिका संयोजक | सदस्य |
| ङ) सामाजिक विकास समितिका संयोजक | सदस्य |
| च) गाउँ कार्यपालिका कार्यालयको योजना अनुगमन तथा प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

९.२ व्यवस्थापन समितिको वैठक सामान्यतया वर्षमा ३ पटक बस्ने छ।

९.३ वैठकको आव्हान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक बोलाउनेछ।

९.४ आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक जुनसुकै समयमा पनि वोलाउन सकिनेछ।

९.५ व्यवस्थापन समितिको सम्पूण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ।

९.६ बैठकको निर्णय अध्यक्षद्धारा प्रमाणित गर्नुपर्नेछ।

## १०. समितिको काम, कर्तव्य र अधिकार :

१०.१ मर्मत संभार कोष संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्।

क) मर्मत संभारका लागि आर्थिक श्रोत जुटाउने ,

ख) कोषको बार्षिक योजना तर्जुमा गरि गाउँसभामा पेश गर्ने ,

ग) मर्मत संभारको महत्व तथा स्थानीय स्तरबाट हुन सक्ने सहयोगसम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने ,

घ) मर्मतका लागि अत्यावश्यक स्थल तथा पुर्वाधारहरुको पहिचान गरी तत्काल मर्मतका लागि व्यवस्था गर्ने गराउने ,

ङ) वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा वातावरण मैत्रि बनाउन समन्वयकारी भुमिका निर्वाह गर्ने,

च) संभार गर्न आवश्यक स्थल तथा प्राकृतिक सम्पदाहरुको पहिचान गरी आवश्यक व्यवस्थापनका लागि पहल गर्ने,

ज) कोषका कार्यहरुको अनुगमन , सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

झ) स्थानीय तहका मर्मत संभार व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै मर्मत संभार व्यवस्थापन लाई संस्थागत गर्ने ।

**११. अध्यक्षका काम, कर्तव्य र अधिकार :**

अध्यक्षका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,

क) बैठकको अध्यक्षता गर्ने

ख) बैठक बोलाउन सचिवलाई निर्देशन दिने,

ग) बैठकमा प्रतिबेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने

घ) समितिका सदस्यहरुलाइ कामको बाडफाड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

ङ) कोषको वित्तिय श्रोत जुटाउने र परिचालन गर्ने गराउने,

च) कोषका निर्णयहरु सार्वजनिक गरि पारदर्शिता कायम गराउने

छ) कोषको बैठक सहभागितात्मक रुपमा गराउने

ज) कोषका तर्फबाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने

झ) कोषका तर्फबाट अन्य निकाय, संघ/संस्था संग सम्झौता गर्नूपर्ने भए गर्ने गराउने

ञ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृती गर्न गराउन आवश्यक कार्वाही गर्ने गराउने

ट) कोषका कामको अनुगमन मुल्याङकन गर्ने गराउने

**१२. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) अध्यक्षको आदेशानुसार बैठक बोलाउने, अध्यक्ष सँग सल्लाहामा छलफलका विषयबस्तुहरु तयार गरि निर्णयार्थ बैठकमा पेश गर्ने

ख) बैठकको निर्णय लेख्ने, कोषका सबै कागजातहरु जिम्मा लिने,

ग) कोषसँग सम्बन्धित सूचनाहरु, तथ्याङ तथा अभिलेख अध्यावधिक गर्ने,

घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

ङ) कोषका प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

च) कोषका कार्यक्रम तर्जुमा स्वीकृती र कार्यान्वयन गर्न आवश्यक कार्वाही गर्ने,

छ) कार्यक्रहरुको अनुगमन गर्ने गराउने,

ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने ।

**१३. सदस्यको काम कर्तव्य र अधिकार :**

कोषको सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) बैठकमा उपस्थित भइ छलफलमा सक्रियतापूर्वक भाग लिने,

ख) अध्यक्षको काममा सहयोग पु-याउने,

ग) तोकिएको जिम्मेवारीलाइ पुरा गर्ने,

घ) बैठकमा निर्णयमा पुग्न मतदान गर्न पर्ने भए मतदान गर्ने,

ङ) अध्यक्षले तोकेका अन्य दायित्व निर्वाह गर्ने,

च) कोषका कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग पु-याउने ।

**परिच्छेद- ४**

## आर्थिक तथा प्रशासनिक व्यवस्था

### १४. कोषको वित्तिय व्यवस्थापन

१४.१ कोषमा देहायका रकमहरु रहने छन्:

क) गाउँसभा बाट मर्मत संभार कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) अन्य स्थानीय तह बाट प्राप्त हुने रकम ,

ग) दातृ निकाय परियोजना गैर सरसरकारी संस्था बाट प्राप्त हुने रकम

घ) कोष लाई सेवा शुल्क बाट प्राप्त हुने रकम

ङ) कोषलाई अन्य विभिन्न स्रोत हरु बाट प्राप्त हुने रकम ।

च) संघिय सरकार, प्रदेश सरकार बाट प्राप्त अनुदान सहयोग हुने रकम ।

१४.२ कोषको रकम नेपाल राष्ट्र बैकद्धारा क वर्गको इजाजत प्राप्त कुनैपनि वैङ्मा छुट्टै खाता खोलि जम्मा गरिने छ । कोषको संचालन गाउपालिकाको प्रमुख प्रशासकिय अधिकृत र लेखापालको संयुक्त दस्तखत बाट हुनेछ ।

१४.३ कोषको लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

### १५. कोषको आर्थिक व्यवस्था :

कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिएबमोविम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछ ।

### १६. बर्जित गरिएको वारे :

कोषमा जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो प्रयोजन बाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ ।

परिच्छेद-३, दफा १६ मा जुनसुकै कुरा लेखिएतापनि कोषमा विनियोजित रकम कार्यपालिकाको निर्णयअनुसार अन्य शीर्षकमा रकमान्तर गर्न सकिनेछ ।

### १७. प्रशासनिक व्यवस्था :

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँकार्यपालिकाको कर्मचारीहरु बाट नै संचालन गरिनेछ ।

## १८. बैठक भत्ता :

कोषको व्यवस्थापन समितिको बैठकमा भागलिने पदाधिकारी सदस्यहरु तथा अन्य आमन्त्रितहरुलाई गाउकार्यपालिकाको निर्णअनुसार भत्ता उपलब्ध गराइनेछ ।

## १९. कार्यक्रम संचालन सम्बन्धी खर्च व्यवस्था :

१९.१ कोषबाट संचालन हुने कार्यक्रमहरु कोषले आफै वा अन्य सरकारी गैरसरकारी निकायसँग मिलेर संचालन गर्न सक्नेछ ।

१९.२ कोषले आप-नो कार्यक्रम गैर सरकारी संघ संस्थाहरुको प्राविधिक सहयोग वाट संचालन गराउन सक्नेछ ।

१९.३ गाउँपालिका भित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन सम्बन्धी कार्यकाहरु अन्य कुनै निकायद्धारा संचालन गरिन्छ भने उक्त कार्यक्रम संचालनको स्वामित्व गाउँ कार्यपालिकामा रहेको मानिनेछ ।

## २० मर्मत संभार कार्यं संचालन सम्बन्धि व्यवस्थाः :

गाउँपालिकाका कुनै पनि वडामा मर्मत संभारका लागि अत्यावश्यक आइपरेको अवस्थामा देहायबमोजिमको व्यवस्थापन गरिनेछ :

क) मर्मत तथा संभारका लागि स्थानको पहिचान भइ तत्काल मर्मतको व्यवस्था गरिने

ख) महत्वपुर्ण स्थल तथा प्राकृतिक सम्पदाहरुको संभारका लागि एक योजना किताब बनाई सोको संभारको लागि विभिन्न निकायहरुमा पहल गर्ने,

ग) वडास्तरीय मर्मत तथा संभार स्थल पहिचान समिति तथा मर्मत तथा संभारकोष व्यवस्थापन समितिले मर्मत वा संभारका लागि आवश्यक पर्ने रकम गाउँकार्यपालिकामा सिफारिस गर्ने र गाउँकार्यपालिकाले रकम तथा स्थलको निर्णय गरी भुक्तानी दिने व्यवस्था गर्ने ,

घ) यस खण्डमा जेसुकै लेखिएको भएतापनि यस सम्बन्धमा गाउँकार्यपालिकाको निर्णय अन्तिम मानिनेछ ।

## २१. वडा स्तरिय मर्मत संभार स्थल पहिचान समितिः

वडा स्तरिय मर्मत संभार स्थल पहिचान समिति देहायबमोजिम हुनेछ,

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडा सदस्यहरु | सदस्य |
| ग) वडा सचिव | सदस्य सचिव |

## परिच्छेद- ५

## विविध

**२२. विविध**

कोष बाट कार्यक्रम संचालन गर्नुपर्ने :

गाउँ कार्यपालिकाको कार्यालय, गाउकार्यपालिका र यस अर्न्तगतका समिति वा उपसमिति बाट विपद सम्बन्धि कार्यक्रम संचालन गर्दा यस कोषबाट मात्र संचालन गरिनेछन् ।

**२३. जाँच पास तथा फरफारक :**

कोष बाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

**२४. गाउँपालिका विकास योजनामा समावेश गर्ने** :

कोष बाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**२५. कार्यविधिको संशोधन :**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ ।

**२६. बचाउ र खारेजी :**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक ऐन, तथा अन्य प्रशासन सम्बन्धि प्रचलित कानुन सँग बाजिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

ख)	कुनै कारण बाट कोष संचालन हुन नसकेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग)	कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व गाउँकार्यपालिकाको कार्यालयमा स्वतः सर्नेछ ।

**समाप्त**